# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय
हेकुली दाङ
लुम्बिनी प्रदेश,नेपाल

**पशुपंक्षी औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना !**

**दोश्रो पटक सुचना प्रकाशित मिति२०७९/०९/०४गते**

दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हेकुली दाङको आर्थिक वर्ष २०७९/८० मा स्विकृत कार्यक्रम अनुसार यस गाउँपालिका अन्तरगतको पशुसेवा शाखाको लागि आवश्यक पर्ने पशुपंक्षी औषधि गोप्य सिलबन्दि दरभाउपत्रद्धारा खरिद गरिने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीबाट निर्धारित शर्तहरुको परिधिमा रही नियमानुसारको गोप्य सिलबन्दि दरभाउपत्र आव्हान गरिन्छ ।

१. यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्रौं) दिन सम्म रु.१,०००/(एक हजार मात्र) पछि फिर्ता नहुने गरी राजस्व बुझाई यस दंगीशरण गाउँ कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ र गोप्य सिलबन्दि दरभाउँपत्र १६औं दिनको अपराहन्न १२:०० बजेसम्म यस दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय हेकुली दाङमा दर्ता गराउन सकिने छ तर दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोली पल्ट क्रमशः हुनेछ ।

२. दरभाउपत्र खरिद गर्नका लागि निबेदकले निबेदन साथ आ.व.२०७९/०८० को कर चुक्ता प्रमाण पत्र, नविकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर वा स्थाई लेखा नम्वर( PAN)दर्ता प्रमाण पत्रको प्रतिलिपि र औषधी ब्यबस्था विभाग बाट इजाजत प्राप्त पत्रहरु संलग्न राख्नु पर्नेछ ।

३. दर्ता हुन आएका सिलबन्दि दरभाउपत्रहरु १६ औं दिन दिउसो २:०० बजे यस दंगीशरण गाउँपालिकाको कार्यालय प्रतिनिधिहरु तथा दरभाउपत्रदाता वा प्रतिनिधिका रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. सिलबन्दि दरभाउपत्र साथ धरौटी वापत तपसिल अनुसारको रकम एन. सि. सि. बैंक लि. दंगीशरण शाखा दाङ स्थित दंगीशरण गा.पा.गा.का.पा. को नाममा रहको ग—३ धरौटी खाता नं.(११४०००००१६३०१ )मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्रदाताले दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस गाउँपालिकाको नाममा जारी गरिएको बैंक जमानत पत्र संलग्न राख्नु पर्नेछ ।

५. दरभाउपत्रमा दर अंक र अक्षर महलमा स्पष्ट खुलाउनु पर्नेछ, अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । मुल्य अभिबृद्धि कर अंक र लाग्ने आइटम लेख्नु पर्नेछ । विवरण उल्लेख नभएको बस्तुको मु.अ.कर भुक्तानी गरिने छैन । दरभाउपत्र प्याकेज प्रणालीमा भएको हुनाले BOQ को सम्पुर्ण महलमा भर्नुपर्नेछ अन्यथा दरभाउपत्र रद्द हुनेछ ।

६.आपुर्ति गरिएको पशुपंक्षी औषधि दाखिला मितिले कम्तीमा १८ महिनाको म्याद भएको हुनुपर्नेछ ।

७. दरभाउपत्रदाताले पुरा ठेगाना,फोन नं.र भए फ्याक्सः तथा मोबाईल नं. आदि खुलाउनु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समायवधिभित्र सम्झौता गर्न नआएमा दरभाउपत्र रद्द गरि निजले राखेको धरौटी जफत गरी नजिकको दोस्रो दरभाउपत्र स्वीकृत गरी सम्झौता गरिनेछ ।

८. DDA/WHO-GMPप्रमाण पत्र प्राप्त कम्पनीको मात्र पशुपंक्षी औषधि खरिद गरिनेछ र दरभाउपत्रको महलमा कुन कम्पनीका पशुपंक्षी औषधि आपुर्ति गरिने हो कम्पनीको नाम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

९. दरभाउपत्रदाताले खरिद आदेश पाएको १५ औं दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा खरिद आदेश अनुसारका पशुपंक्षि औषधि दाखिला गर्नुपर्नेछ । दाखिला गर्न नसकेमा गाँउपालिकाबाट ती पशुपंक्षी औषधि पाए सम्म दरभाउपत्र कै दररेटमा नपाएका उचित बजार मुल्यमा खरिद गरी ल्याईने छ र सम्बन्धित दरभाउपत्र दाताले पाउने रकमबाट उक्त रकम कट्टा गरी भुक्तानी गरिनेछ ।

१०. खरिद आदेशमा उल्लेखित पशुपंक्षी औषधि यस दंगीशरण गाउँपालिका दाङको स्टोर सम्म दरभाउपत्रदाताले पुर्याउनु पर्नेछ। उक्त सामाग्रीहरु दाखिला गर्दासम्म लाग्ने ढुवानी भाडा तथा अन्य कर, सेवा शुल्क दरभाउपत्रदाताले व्यहोर्नु पर्नेछ । त्यसका लागि गाँउपालिकाले छुट्टै रकम भुक्तानी गर्ने छैन ।

११. एक फर्म र कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाईने छैन ।

१२. यो सुचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । अन्य कुरा बुझ्नु परेमा यस गाउँपालिकाको पशुसेव शाखा प्रमुखको मोबाइल नं.९८४७९२०४७९ मा वा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| ठे.न. | कामको विवरण | ल.ई.रकम | दरभाउपत्र दस्तुर | दरभाउ पत्र खरदि गर्ने अन्तिम मिती र समय | दरभाउ पत्र पेश गर्ने मिती र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| २०७९/०८०-०३ | पशु पंक्षी उपचारको लागी औषधी खरिद | ९,४९,९९७। | १००० | २०७९।९।१८ गते ४.०० वजे सम्म | २०७९।०९।१९ गते १२.०० वजे सम्म | २८,०००। |

प्रमुख प्रशासकीय अधिकृत